# हुलाकी राजमार्ग स्तरोन्नति सुस्त

**धनगढी समाचारदाता**
*धनगढी, वैशाख २२ गते*

कैलालीमा बाँकी रहेको हुलाकी राजमार्ग स्तरोन्नतिको कार्य सुस्त देखिएको छ। पूर्वपश्चिममा भजनीको ठेकपुर पुलदेखि टीकापुरको जितु कटेज र उत्तरदक्षिणमा नारायणपुरदेखि–खक्रौला पुलसम्मको हुलाकी राजमार्ग स्तरोन्नतिको कार्य सुस्त देखिएको हो। सँगै ठेक्का लागेका अरू प्याकेजमा स्तरोन्नतिको काम सकिए पनि यी दुई प्याकेजमा काम भने निकै सुस्त गतिमा मात्र भइरहेको छ।

आर्थिक वर्ष २०७७/७८ देखि हुलाकी राजमार्ग स्तरोन्नतिको कार्य सुरु भएको थियो। निर्माण कम्पनीले काम नरोके पनि थोरै जनशक्तिको भरमा काम गर्ने गरेकाले स्तरोन्नतिको काम निकै सुस्त रहेको टीकापुर नगरपालिका–७ का स्थानीय भोजराज ढुङ्गानाले बताउनुभयो। उहाँले भन्नुभयो, "अरूतिरको काम सकियो। भजनीको ठेकीपुर पुलदेखि टीकापुर नगरपालिका–८ को जितु कटेजसम्म १०.५ किलोमिटरमा स्तरोन्नतिको काम सुस्त गतिमा जारी छ।" यो खण्डको कालिका–जोशी–स्वच्छन्द जेभीले ठेक्का पाएको थियो।


तस्बिर : अविनाश चौधरी
**हुलाकी राजमार्गमा काम गर्दै मजदुर ।**

यो समस्या मुलुक ठेक्का रहेका कारण निर्माणमा गति नदेखिएको हुलाकी राजमार्ग निर्देशनालय धनगढीका प्रमुख मुकुन्द लामिछानेले बताउनुभयो। उहाँले भन्नुभयो, "एउटै ठेकेदार कम्पनीको धेरै ठाउँमा ठेक्का भएर यहाँ समस्या भइरहेको छ। धेरै पटक म्याद थप भइसक्यो तर अझै धेरै काम बाँकी छ।"

हाल यहाँ बेस निर्माण र गिट्टी हाल्ने कार्य भइरहेको छ। जितु कटेजदेखि पूर्व सत्ती–कर्णाली पुलसम्म रहेको एक किलोमिटर क्षेत्रमा भने हुलाकी राजमार्ग नेपालगन्जको कार्यालयले स्तरोन्नतिको कार्य गर्ने जनाइएको छ।

यसै गरी टीकापुर नगरपालिका–८ को नारायणपुरदेखि खक्रौलास्थित मोहना नदी पुलसम्म ५.५ किलोमिटर खण्डमा पनि स्तरोन्नतिको कार्य बाँकी रहेको छ। यो क्षेत्रमा कालोपत्रे गर्न बाँकी रहेको छ। पुलपारि नेपालको भूभाग १३ सय मिटर रहे पनि नेपाल–भारत सीमा विवादका कारण चार सय मिटरमा राजमार्ग स्तरोन्नतिको कार्य गरिएको छैन। भारतले विवाद गरेपछि तीन सय मिटर हुलाकी राजमार्ग निर्देशनालयले छोडेको र एक सय मिटरमा थप भारतले माटो फिलिङ गर्न नदिएको प्रमुख लामिछानेले जानकारी दिनुभयो। उहाँले बाँकी भागमा भने काम भइरहेको उल्लेख गर्नुभयो।

हुलाकी राजमार्ग स्तरोन्नतिका लागि चालु आवमा ३९ करोड ४० लाख रुपियाँ बजेट रहेको छ। यसै बजेटभित्र पुल निर्माणको पैसा पनि रहेको जनाइएको छ। बाँकी रहेको १६ किलोमिटर स्तरोन्नतिको काम एक वर्षभित्र पूरा हुने अनुमान गरेको प्रमुख लामिछानेले बताउनुभयो।

# इँटा उद्योगमा बालकसहित दुई जनाको मृत्यु

**बेलौरी समाचारदाता**
*बेलौरी (कञ्चनपुर), वैशाख २२ गते*

कञ्चनपुरस्थित एक इँटा उद्योगमा सुतेको अवस्थामा बालकसहित दुई कामदारको मृत्यु भएको छ। आइतबार राति ११ बजेको समयमा पुनर्वास नगरपालिका–७, चगाउँस्थित न्यु जनता इँटा उद्योगमा सुतेको अवस्थामा ट्र्याक्टरको ठक्करबाट नौ वर्षीय बालकसहित दुई मजदुरको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालयका अनुसार आइतबार राति ११ बजेको समयमा इँटा उद्योगमा पानी छर्कने बेला सुतेको अवस्थामा ट्र्याक्टरचालकले ठक्कर दिँदा भारतको उत्तर प्रदेश घर भएका दुई जना कामदार गम्भरी घाइते भएको खबर पाएपछि इलाका प्रहरी कार्यालय पुनर्वासको टोली घटना स्थल पुगेको थियो।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमबहादुर शाहीका अनुसार जम्मा गरेको काटो इँटामाथि सुतेका भारतको उत्तर प्रदेश बहराइच जिल्ला कारिकोटका २७ वर्षीय अजयकुमार सिं र सोही ठाउँका नौ वर्षीय पवनकुमार सिंलाई ट्र्याक्टरले किच्दा गम्भीर घाइते हुनुभएको थियो। घटनास्थलमा पुगेका प्रहरीको टोलीले उहाँहरूलाई उपचारका लागि कैलालीको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा पुऱ्याउँदा चिकित्सकले मृत्यु घोषणा गरेको प्रनाउ शाहीले बताउनुभयो।

त्यसै गरी ट्र्याक्टरले किच्दा भारतकै ११ वर्षीय घुर्राकुमार सिंह घाइते हुनुभएको छ। घाइते उहाँको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको प्रनाउ शाहीले बताउनुभयो। उद्योगी कृष्णबहादुर तामाङले सञ्चालन गरेको इँटा उद्योगमा बालकलाई समेत काम लगाइएको पुष्टि भएमा सञ्चालकमाथि पनि कारबाही गरिने प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता शाहीले बालक आफन्तसँग इँटा उद्योगमा बस्न आएको अथवा काम गर्न आएका भन्नेबारेमा बुझ्ने काम भइरहेको बताउनुभयो। प्रहरीले ट्र्याक्टरचालक लालझाडी गाउँपालिका–१, दिनावरीका ३५ वर्षीय भीम चौधरीलाई नियन्त्रणमा लिएर घटनाको थप अनुसन्धान भइरहेको जनाएको छ।

# ठेकेदारको दायित्व तिरिदिने श्रमिक मारमा



**टीकापुर समाचारदाता**
*टीकापुर, वैशाख २२ गते*

श्रमिकले श्रमको मूल्य नपाएका घटना त सुनिन्छन् तर श्रमिकले ठेकेदारको काम गरेर उल्टै पैसा तिर्नु परेको घटनाले एक मजदुर परिवार बिचल्लीमा परेको छ।

टीकापुर नगरपालिका–२ का मजदुर प्रेमलाल थारूले आफूले काम गरेको पैसा त पाएनन् नै उल्टै समूहबाट ऋण निकालेर ठेकेदारको दायित्व तिर्नु परेको छ। अहिले ठेकेदारले पनि झुक्याएपछि मुक्त कमैया थारू मर्नु न बाँच्नुको अवस्थामा पुग्नु भएको छ।

मृत सञ्जीवनी प्रदेज जेभीका लागि मदन भण्डारी राजमार्गको सुर्खेत खण्डमा पुल निर्माणमा काम गरेका मुक्त कमैया प्रेमलालले २०८१ मङ्सिर/पुसमा गुटुखोला र ब्युरेनीखोलामा पुल निर्माणमा काम गर्नुभएको थियो। पुसको अन्तिम साता मृत सञ्जीवनी प्रदेज जेभीका बिनु नेपाली पैसा नदिएर भागेपछि माघीको मुखमा प्रेमलाललगायतका मजदुर घर फर्केका थिए। प्रेमलाल भन्नुहुन्छ, "पहिले पोखरामा काम गरेर चिनजान भएका बिनुले काम छ आउ भनेपछि साथीसहित गएँ।

माघीको मुखमा ज्याला नपाएपछि साथीले तैँले काममा लिएको ठेकेदारले पैसा नदिएपछि तैँले नै तिर्नु पर्छ भनेर मारपिट गर्न खोजेपछि ऋण निकालेर उनीहरूको ज्याला मैले नै दिएँ।" समूहबाट निकालेको ऋण र बाँकी तिर्न एक वर्ष भारत गएका थारू २०८२ पुसमा नेपाल फर्केर बिनुलाई सम्पर्क गर्दा पैसा नदिने चाल गरेपछि छाँगाबाट खसे झैँ भएको बताउनुहुन्छ।

चार लाख ७१ हजार रुपियाँ ज्याला र मजदुर खोजेबापतको ४१ हजार पाँच सय रुपियाँ लिन बाँकी प्रेमलालले २०८२ माघ २१ मा हेलो सरकारमा उजुरी दिएपछि मदन भण्डारी राजमार्ग कार्यालय सुर्खेतले निर्माण व्यवसायी प्रदेज बडाललाई सम्पर्क गराएको थियो।

काम गरेर ज्याला पाउनुको सट्टा उल्टै घरबाट पैसा तिर्नु परेपछि मानसिक तनावमा रहनुभएका प्रेमलाल सुर्खेत जान गाडी भाडासमेत पाएपछि औधी खुसी हुनुभएको थियो। निरक्षर प्रेमलाल भन्नुहुन्छ, "राति नै कागज गर्नु पर्छ भनेर दबाब दिएँ मैले चेक बुझेँ। उनीहरूले सबै पैसा बुझिलिएँ भन्ने कागज बनाएछन् । एक लाख १० हजार रुपियाँको मात्र चेक दिएका रहेछन्। फागुन २७ गते वैशाख ४ गते बैङ्कमा चेक जम्मा गर्न जाँदा खातामा पैसा छैन भनेर बैङ्कले फिर्ता गरिदियो। त्यसपछि पटक पटक बैङ्कमा सम्पर्क गर्दा बडालले खातामा पैसा भेटिएको छैन्।"

ज्याला ठगेको निर्माण कम्पनीबारे हेलो सरकारमा उजुरी परेपछि केही जिम्मेवार देखिए पनि मजदुरको घाउमा फेरि नुनचुक लगाउने काम गरेको प्रेमलालको भनाइ छ।

# प्लास्टिक प्रयोगमा पूर्ण रोक

**टीकापुर समाचारदाता**
*टीकापुर, वैशाख २२ गते*

व्यवस्थापनमा कठिनाइ भएपछि टीकापुर नगरपालिकाले प्लास्टिकका झोला प्रयोगमा कडाइ गर्ने भएको छ। प्लास्टिकजन्य फोहोर व्यवस्थापन गर्दा गर्दा आजित भएको नगरपालिकाले फोहोर घटाउन २०८२ साउनदेखि प्लास्टिकको झोला प्रयोगमा प्रतिबन्ध लगाएको थियो। मङ्सिरसम्म प्लास्टिकको झोलाको प्रयोग घट्दो क्रममा रहे पनि त्यसयता फेरि बढेको छ।

केही वर्षअघिसम्म थुपारेर जलाउने गरेकोमा अहिले प्लास्टिक जलाउन रोकिएपछि ल्यान्डफिल साइट नभएको टीकापुर नगरपालिकाले नगरभित्र रहेका खाल्टाखुल्टी, नदी खोलाका किनार र सार्वजनिक जग्गामा खाल्डो खनेर प्लास्टिक थुपार्ने र पुर्ने गरेको छ। हिउँद सिजनमा टाढासम्म लैजाने गरेको छ भने वर्षाको समयमा नगरपालिका, नगरविकास समितिलगायत सहरभित्रैका स्थानमा प्लास्टिक पुर्ने गरेको छ। "अहिले दैनिक सात गाडी फोहोर उत्पादन हुन थालेको छ। नगरपालिकाको सरसफाइ उपशाखा प्रमुख लोकबहादुर बुढा भन्नुहुन्छ," "यसमा अधिकांश फोहोर प्लास्टिकजन्य छ। ल्यान्डफिल साइट नभएकाले खाल्डो खनेर पुर्नुको विकल्प छैन।"

नगरपालिकाले वडा नम्बर ५ को खोटेना भुराखानी वनक्षेत्र, कर्मीडाँडा, वडा नम्बर ८ को श्रीलङ्कालगायतका क्षेत्रमा ल्यान्डफिल्ड साइट बनाउन खोजे पनि स्थानीयको विरोधका कारण स्थायी रूपमा बनाउन सकेको छैन। नगरको फोहोर खाल्डो खनेर पुर्दा नगरपालिकाको सरसफाइ खर्च बढेको छ। व्यवस्थापनमा कठिनाइ भएपछि प्लास्टिकजन्य फोहोरको स्रोत नै घटाउन नगरपालिकाले प्लास्टिकको झोला प्रयोगमा पूर्ण प्रतिबन्ध लगाउन खोजेको छ।

मङ्गलबार भएको बजार अनुगमनका क्रममा हरेक पसलमा केही न केही मात्रामा प्लास्टिकका झोला भेटिएको छ। खुद्रा पसलमा भेटिएका झोला अनुगमन टोलीले नियन्त्रणमा लिएको छ भने थोक बिक्रेताले भण्डारण गरेका प्लास्टिकका झोलाको बिक्रीवितरणमा रोक लगाएको छ। अनुगमन गर्दा पाँच वटा पसलमा वातावरणमैत्री झोला भेटिएका छन् भने चार वटा गोदाममा ठुलो मात्रामा प्लास्टिक भेटिएको छ।

नगरपालिकाका खानेपानी तथा सरसफाइ फोकल पर्सन कमलबहादुर रावलले भन्नुभयो, "भेटिएको जति प्लास्टिक एकै कोठामा थुपारेर नगर प्रहरीले ताला लगाउने छ। उत्पादक कम्पनी वा टीकापुरबाहिर बिक्रीवितरण गर्नलाई छोटो समय दिइएको छ। यो समयमा एकमुस्ट बाहिर लैजान नगर प्रहरीले ताला खोलिदिने छ। दिएको समयमा अन्यत्र पठाउन नसके जफत हुने छ।"

उपभोक्ताहित संरक्षण मञ्च नेपाल टीकापुर नगर समितिका सचिव शेरबहादुर विष्टले प्लास्टिकको झोला प्रयोगमा रोक लगाउने नगरपालिकाको निर्णय राम्रो भए पनि नियमनमा कडाइ नहुँदा बेला बेला बिक्री बढेको, विक्रेता र उपभोक्ता पनि जिम्मेवार हुन नसकेको बताउनुभयो। नगरपालिकाले खुकुलो गरेको र उपभोक्ताले पनि सजिलोका लागि प्लास्टिकको झोला माग्ने गरेकाले प्रयोग बढेको व्यवसायी बताउँछन्।

**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाइ**
**काठमाडौं प्लाजा, कमलादी, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना ।**

**प्रकाशित मिति : २०८३।०१।२३**
**नेपाल संवत ११४६ बछलागा चौथी**

काठमाडौं महानगरपालिका खरिद एकाईले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रु.) (मू.अ. कर र पि.एस. बाहेक ) |
|---|---|---|---|---|
| 1. | 04-11-082-83-NCBW-ENV-KMC | Upgrading of Tinpiple-Bancharedanda Road Section (2nd Phase) | Mantra-Illam Joint Venture | ८४,३६,०६९.०० |
| 2. | 04-10-082-83-NCBW-ENV-KMC | Upgrading of Upreti Gaun-Ranasinghe Road (Dhunibesi 1) | Mantra-Illam Joint Venture | ३३,२९,७४७.०० |
| 3. | 04-08-082-83-NCBW-ENV-KMC | Maintenance and Construction Works in Goldhunga Khel Maidan and Park | Om Bajrapani Builders and Suppliers Pvt. Ltd. | ३१,५८,५४४.२० |

**खरिद एकाइ**

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**पोखरा, कास्की**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८३/०१/२३)**

यस कार्यालयबाट मिति २०८२/१०/२६ गते प्रकाशित Bid Notice No.: NCB-09-PIACAO-082/83 को "Supply, Delivery, Installation and Testing of Meteorological System and Accessories at Fewa Airport." सम्बन्धी बोलपत्र आह्वान सूचना बमोजिम तोकिएको समयभित्र प्राप्त हुन आएका बोलपत्रहरूमध्ये मूल्याङ्कन समितिको सिफारिस अनुसार तपशिलमा उल्लेखित न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सूचना नं. | कार्यको विवरण | स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क (Including VAT) |
|---|---|---|---|
| NCB-09-PIACAO-082/83 | Supply, Delivery, Installation and Testing of Meteorological System and Accessories at Fewa Airport.. | M/S Mahavir Shree International Pvt. Ltd ,Sinamangal, Kathmandu. | रू. ६५,२९,६७१.१०/- (अक्षेरूपी पैंसट्ठी लाख उनन्तिस हजार छ सय एकहत्तर रूपियाँ दश पैसा मात्र) |

**मधेश प्रदेश सरकार**
**शिक्षा तथा संस्कृति मन्त्रालय**
**जनकपुरधाम धनुषा, नेपाल**

**बोलपत्र स्वीकृतीको आशय सम्बन्धी सूचना**

**प्रकाशित मितिः- २०८३/०१/२३**

यस आयोजना अन्तर्गतको तपशिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्याद भित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract Name & ID. | Name Of Successful Bidder s | Bid Amount (With VAT & PS) |
|---|---|---|---|
| 1. | The Construction Of Jilla Mahottari,Sonma Ga.Pa.3 Sahid Comred, Ramchalitar, Ramdeb, Singheshwor, Bhagyanarayan,Rajendra, Bindeshwor Bidyalaya Khaknako Starunnati . MOEC/NCB/WORKS/2082-083/12 | Royal Raghban Construction Sonma Ga. Pa.-01 Mahottari | 32,10,590.97 |
| 2. | The Construction Of Jilla Mahottari,Sonma Ga. Pa.4 Shree Janta Ma. Bi. Ko Adhuro Bhawan Nirman. MOEC/NCB/WORKS/2082-083/13 | S.N. Nirman Sewa Janakpurdham-13 | 38,82,213.28 |
| 3. | The Construction Of Jilla Mahottari,Aaurahi Na. Pa.3, Shree Hira Sonabati Adharbhut Bidyalayako Bhawan Nirman Tatha Starunnati. MOEC/NCB/WORKS/2082-083/14 | Devdas Builder s Pvt. Ltd, Chhireshwornath-08, Dhanusha | 35,34,162.12 |

**लक्ष्मीपुर पतारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, महेशपुर पतारी, सिरहा, मधेश प्रदेश**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२३**

यस गाउँपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न, मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्शसेवा प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरु सम्पादनका लागि निम्नानुसारको जनशक्तिहरु पदपूर्ति गर्नु पर्ने भएकोले योग्य, अनुभवी इच्छुक नेपाली नागरिकले माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा प्रशासन शाखामा आवेदन पेश गर्न आह्वान गरिएको छ।

| विज्ञापन नं. | रिक्त पद | संख्या | न्यूनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| ०१ २०८२/८३ | मनोसामाजिक परामर्शकर्ता | १ जना (महिला) | ▪ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको। <br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण-पत्र लिएकोलाई विशेष प्राथमिकता दिइनेछ। <br>▪ कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि) भएको, नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। <br>▪ सम्बन्धित स्थानीय तहको आवेदकलाई प्राथमिकता दिइनेछ। |
| ०२ २०८२/८३ | रिटर्नी स्वयंसेवक | २ जना | ▪ न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगारका लागि खाडी मुलुक वा मलेसिया गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको, <br>▪ KOBO मा घरघरमा काम गर्न Android mobile भएको तथा राम्ररी चलाउन सक्ने ज्ञान र सीप भएको, <br>▪ स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने <br>▪ सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ, |

**कार्य अवधि**: २०८३ साल असार मसान्तसम्म हुनेछ तर आवश्यकता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सक्नेछ।
**परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तवार्ताबाट छनोट गरिनेछ।
**आवेदन दस्तुर :** मनोसामाजिक परामर्शकर्ता पदका लागि रु. १०००/- (एक हजार), रिटर्नी स्वयंसेवक पदका लागि रु. ७००/- (रु. सात सय),
**उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
**तलव तथा सुविधा :** नियमानुसार हुनेछ।
**पेश गर्नुपर्ने कागजातहरु :**

| मनोसामाजिक परामर्शकर्ता पदका लागि : | रिटर्नी स्वयंसेवक पदका लागि : |
|---|---|
| स्पष्ट पद सहित निवेदन-पत्र, व्यक्तिगत विवरण (Biodata), नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाण-पत्रको प्रतिलिपि, तालिम प्रमाण-पत्रको प्रतिलिपि, | स्पष्ट पद सहित निवेदन-पत्र, राहदानीको प्रतिलिपि (वैदेशिक रोजगारमा जाँदा ईमिग्रेसनले राहदानीमा लगाएको प्रस्थान (Departure) र आगमन (Arrival) को छाप लागेको पेजको प्रतिलिपि, श्रम स्वीकृति भएको पेजको प्रतिलिपि), नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, कार्य अनुभव र तालिमको प्रमाण-पत्र भए सोको प्रतिलिपि पेश गर्न सकिनेछ। |

**पदपुर्ति समिति**
**लक्ष्मीपुर पतारी गाउँपालिका**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाण्डौ**
**सडक डिभिजन हेटौँडा**
**मकवानपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८३/०१/२३**

यस डिभिजनबाट मिति २०८२/११/१७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका आर्थिक प्रस्ताव सम्बन्धी बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको लागि आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं | न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएको बोलपत्रदाताहरुको नाम र ठेगाना | कवोल रकम (मू.अ.क. र PS बाहेक) |
|---|---|---|---|
| 1 | RDHTD/33701138/2082/083-32 | M/s Syangtan-Laliguras-Durgalaxmi J.V., Hetauda-19, Makwanpur | NRs. 2,38,96,147.00 |
| 2 | RDHTD/33701138/2082/083-33 | M/s Thokar-Thapakaji J.V., Manthali-01, Ramechhap | NRs. 1,92,03,536.00 |

यस डिभिजनको मिति २०८३/०१/०२ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. IFB: ०६-२०८२/०८३ अनुसार E-Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं | स्वीकृतका लागि छनोट भएका बोलपत्रदाताहरुको नाम र ठेगाना | कवोल रकम (मु.अ.क. र PS बाहेक) |
|---|---|---|---|
| 1 | RDHTD/337310113/2082/083-41Re | M/s Lok Hit Nirman Sewa, Nijgadh-07, Bara | NRs. 15,41,799.00 |

**डिभिजन प्रमुख**